प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

## प्रेस विज्ञप्ति

मिति : २०७७/२/२२

सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशका माननीय मन्त्री श्री नरदेवी पुन मगरज्यू लगायत मन्त्रालयका अन्य व्यक्तित्वद्वारा हिजो ३ जिल्लाको भ्रमण गर्नुभएको छ । उहाँले पर्वत, बाग्लुङ र म्याग्दीको भ्रमण गरि आईसोलेसनमा रहेका व्यक्तिहरु, क्वारेन्टाइनको अवस्था तथा स्वास्थ्य सामाग्रीको आपूर्तिको अवस्था लगायत विविध विषयमा छलफल गर्नुभएको थियो। उहाँले आइसोलेसनमा बसेकालाई राम्रोसंग स्याहार गर्ने व्यवस्था मिलाउने, जिल्लास्तरीय सहजीकरण समिति, परामर्श समिति बनाउदा उचित हुने तथा समस्या छ भने समाधानका उपाय निकालिने धारणा राख्नुभएको थियो । साथै जिल्ला CCMC को क्रियाशिलताको प्रशंसा समेत गर्नुभएको थियो।

आज स्वास्थ्य तथा जनसङ्ख्या मुख्य मन्त्रालयद्धारा आयोजित Health Cluster बैठकमा स्वास्थ्य निर्देशनालयका तर्फबाट नवराज शर्माज्यू र विश्व स्वास्थ्य संगठनका डा. राजीव लालचन र भानु याङदेनले सहभागिता जनाउनुभयो।

आज कोभिड–१९ संक्रमित विरामीहरुको उपचार व्यवस्थापन र भीरकोट नगरपालिका स्थित कालिका सामुदायिक अस्पताललाई कोभिड–१९ अस्पतालको रुपमा विकास गर्नको निम्ती स्वास्थ्य निदेशनालयका निर्देशकज्यू, प्रमुख जिल्ला अधिकारीज्यू, अस्पताल व्यवस्थापन समितीका अध्यक्षज्यू, नगर प्रमुखज्यूहरुको बीचमा पुर्व तयारी बैठक सम्पन्न भयो। उक्त अस्पताललाई स्याङ्जा जिल्ला अस्पतालको नेतृत्वमा स्थानिय तहको सहयोग लिई व्यवस्थित गरिने भएको छ। यस कार्यमा प्रदेश सरकारले समेत आवश्यक सहयोग गर्ने प्रतिवद्धता जनाएको छ।

गण्डकी प्रदेशमा आजसम्म ४४११ जनाको PCR परिक्षण भएको छ भने ५४ जनाको परिक्षण परिणाम पोजिटिभ रहेको छ। यसै गरि गण्डकी प्रदेशमा आजसम्म ९१८० जनाको RDT परिक्षण भएको छ।

डा विनोद विन्दु शर्मा
निर्देशक